# नौगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## होपरीगाड, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं.:- २०७९/०८०
च.नं.:- ८४६

मितिः-२०७९/०८/१६ गते

नौगाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय होपरीगाड,दार्चुला सुदूरपश्चिम प्रदेश,नेपाल

**<u>सार्वजनिक सुनुवाई सहजिकरण गर्न  सिलबन्धी दरभाउपत्र आह्वान सम्वन्धी सूचना</u>**

**<u>प्रथम पटक प्रकाशित मिति २०७९।०८।१६</u>**

यस कार्यालयबाट चालु आ. व. २०७९/२०८० मा यस कार्यालय र वडा कार्यालयहरुमा कार्यान्वयन गरिएका योजना तथा कार्यक्रमहरु सार्वजनिक सेवा प्रवाह सम्बन्धी सरोकार वालाहरुलाई जानकारी गराउने , गुनासो सुन्ने कार्यका लागि सार्वजनिक सुनुवाई कार्यलाई सहजिकरण गर्न तपसिल अनुसारका शर्तहरुको अधिनमा रही  इजाजत प्राप्त सञ्चार सस्थाहरु लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु

१. सिलवन्दी प्रस्ताव मिति २०७९।०८।३० गते कार्यालय समयभित्र दर्ता गराइसक्नुपर्ने छ।
२. सार्वजनिक सुनुवाई कार्य यस गाउपालिकाका ६ वटै वडाहरु र कार्यालयमा प्रथम त्रैमासिक, दोश्रो त्रैमासिक तेस्रो त्रैमासिक र  अन्तिम पटक वार्षिक रुपमा गरी ४ पटक  गर्ने गरी प्रस्ताव पेश गर्नुपर्ने छ।
३. प्रस्ताव पूर्ण वा आशिंक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा  सुरक्षित रहेन छ।
४. प्रस्ताव पेश गर्दा सिलवन्दी रुपमा पेश गर्नु पर्ने छ।
५. सिलबन्दी प्रस्ताव मिति २०७९।०९।०१ गते विहान ११ बजे  सस्थाका प्रतिनिधि र यस कार्यालयका कर्मचारीहरुको रोहवरमा खोलिनेछ।
६. एक आपसमा मिलोमतो गरी दाखिला गरेको पाईएमा सिलबन्दी प्रस्ताव स्वीकृत गर्न सकिने छैन।
७. प्रस्तावमा  रकम उल्लेख गर्दा स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
८. प्रस्ताव पेश गर्दा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव एउटै खाम भित्र सिलवन्दी गरी पेश गर्नुपर्ने छ।
९. यस सूचनामा उल्लेख भएको कुरा यसै सूचना बमोजिम र उल्लेख नभएको कुरा सार्वजनिक खरिद ऐन (संशोधन सहित) २०६३ र सार्वजनिक खरिद नियमावली (संशोधन सहित) २०६४ बमोजिम हुनेछ। यस सम्बन्धि विस्तृत जानकारीका लागि कार्यालय समयमा नौगाड गाँउ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

तपसिल

| क स | सिलबन्दी प्रस्ताव न | विवरण | लागत अनुमान (मु अ कर समेत) | कैफियत |
|---|---|---|---|---|
| १ | १/२०७९/२०८० | सार्वजनिक सुनुवाई सहजिकरण गर्ने सम्बन्धी कार्य | ५,००,०००/- | |

६१।८।१६

प्रमुख प्रशासकीय अधिकृत

{Cell No: 9868896269, 9858784584 Website: naugadmun.gov.np, E-mail: info@naugadmun.gov.np, naugaad@gmail.com}